# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलान्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


मिति: २०८१/१०/३०

### किसान सूचीकरण कार्यक्रमका लागि गणक/सहजकर्ता आवश्यकता सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना !!!

यस मण्डनदेउपुर नगरपालिकाको चालु आ.व.२०८१/०८२ को लागि संघीय तथा प्रदेश सरकारको शसर्त अनुदान कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगत रहेका किसानहरुको पहिचान गरि सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराईने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्ने उद्धेश्यले किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको मिति: २०८१/१०/२९ को निर्णयानुसार यस न.पा., कार्यपालिकाको ४९औं बैठकको निर्णयानुसार पहिलो चरणको रुपमा यस चालु आ.ब. मा वडा नं. ७, ८ र ९ मा २ महिना अवधि किसान सूचीकरण सञ्चालन गर्ने कार्यक्रम अनुसार किसानहरुको आवश्यक विवरणहरु संकलन गरि विधुतीय प्रणाली मार्फत किसान सूचीकरण गर्नका लागि गणक/सहजकर्ता आवश्यक परेकोले यस न.पा. अन्तरगतका तपशिल अनुसारको योग्यता पुगेका ईच्छुक नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस न.पा.को कृषि विकास शाखामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. आवश्यक पद:

| क्र.सं. | पद | आवश्यक माग संख्या प्रति वडा | जम्मा गणक/सहजकर्ताको मागको संख्या |
|---|---|---|---|
| १ | किसान सूचीकरणका लागि गणक/सहजकर्ता | वडा नं. ७ का लागि ३ जना | ९ जना |
| | | वडा नं. ८ का लागि ३ जना | |
| | | वडा नं. ९ का लागि ३ जना | |

२. आवश्यक शैक्षिक योग्यता:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा प्रविणता प्रमाण-पत्र उर्तिण वा सोसरह पास गरेको हुनु पर्नेछ ।
- कम्प्युटर सम्बन्धि आधारभूत तालिम लिएको हुनु पर्नेछ ।
- सूचीकरण कार्यक्रम डिजीटल/सफ्टवेयरमा गर्नु पर्ने भएकोले ईन्टरनेट चलाउन सक्ने र द्रुतगतिमा चल्ने एन्ड्रोईड वा स्मार्ट फोन वा ट्यावलेट वा ल्यापटप आफ्नै भएको एवं चलाउन पोख्त भएको हुन पर्नेछ ।
- कृषि तथा पशु विज्ञान विषय अध्ययन गरेकालाई प्राथमिकता दिईनेछ ।
- अनुभवी/सम्बन्धित वडाबासीलाई प्राथमिकता दिईनेछ ।

३. उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

४. निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु:

- कार्यक्रमका लागि निवेदन,
- नागारिकताको प्रतिलिपी,
- शैक्षिक प्रमाण पत्रको प्रतिलिप,
- हालसालै खिचेको पासपोर्ट साईजको फाटो ३ प्रति,
- आवश्यक अनुभव र तालिमको प्रमाण पत्रको प्रतिलिपी,
- वडा कार्यालयको सिफारिस ।

५. तलव सुविधा: किसान सूचीकरण कार्य विधि, २०७७ अनुसार घरधुरी सूचीकरण गरेको आधारमा उपलब्ध गराईनेछ ।

६. दरखास्त फाराम यस न.पा.को कृषि विकास शाखाबाट उपलब्ध गराईनेछ ।

**नोट:-** अन्य आवश्यक थप जानकारी लिनु परेमा कृषि विकास शाखामा सम्पर्क राख्नु हुन ।

प्रमुख प्रशासकीय अधिकृत